East Kent Hospitals University NHS Foundation Trust

# उपचारको निम्ति पर्खिरहेका विरामीहरुको निम्ति जानकारी

एन एच एस ले कोविड -१९ को महामारी को चरम समय मा धेरै अपरेसन्स हरु र विधि हरु पछि सार्नु परेको थियो , किनकी कोविड-१९ को धेरै संख्याको असक्त विरामीहरुको उपचार गर्नु परेको थियो।

केन्ट अस्पतालहरुमा , जीवन रक्षा र संकटकालीन अपरेसन उपलब्ध गराउन हामी सक्षम भयौं , तर धेरै अन्य विधि हरु पछि सार्नु परेको थियो।

हामी आदर साथ क्षम चाहन्छौं यदि तपाइलाइ हामी लाइ सिफारिस गरिएको र उपचारको योजना भन्दा बढी कुर्नु परेको भए।

हामी अस्पताल सेवा हरु सुरक्षित साथ पुन: खोल्न सक्षम भएका छौं र सम्भव भए सम्म सबै किसिमको ओपरेसन हरु र विधि हरु उपलब्ध गराउने छौं।

**तपाइको निम्ति यसको अर्थ के हो ?**

तपाई निश्चित हुनुहोस हामीलाई थाहा छ तपाई पर्खदै हुनुहुन्छ। तपाइको अपरेसन तालिका मा आउने बितिकै , हामी तपाइलाई सम्पर्क गर्ने छौं। तपाइले अस्पताल वा तपाइको जि. पी लाइ सम्पर्क गर्नु पर्दैन।

यदि तपाइको अवस्था हामीलाई सिफारिस गरिएको बेला भन्दा बढी खराब भएमा , कृपया तपाइको जी.पी संग सम्पर्क गर्नु होला वा कन्सल्टेण्ट को सेक्रेटरी संग सम्पर्क गर्नु होला ( तपाइले वेटिङ्ग लिस्ट मा पर्खिरहनु भएको छ भन्ने पत्रमा वहाँ को नाम लेखिएको छ )।

यदि तपाइले जि. पी वा कन्सल्टेण्ट को सेक्रेटरी संग सम्पर्क गरे पश्चात पनि अझै चिन्ता भए टेलिफोन ०१२२७ ७८३१४५ मा पेसेण्ट एड्वाइस लिआजों सर्विस ( PALS ) मा सम्पर्क गर्नुस वाekh-tr. pals@nhs.net मा इमेल गर्नु होला। PALS सेवा बिहान०९०० बजे देखि दिउँसो ०४ बजे सम्म सोमबार देखि शुक्रबार ( बैंक होलिडे बाहेक ) सम्म खुल्छ।

यदि तपाइँ उपचार चाहनु हुन्न भने , उदाहरण को निम्ति , तपाइले तपाइको उपचार विधि अन्त कतै गराउनु भएको छ भने , हामीलाइ कन्सल्टेण्ट को सेक्रेटरी संग सम्पर्क गरि थाहा दिनु होला।

**कसरी एन एच एस ले उपचारको निम्ति प्राथमिकता दिइरहेको छ ?**

We care

हामीले विरामी हरु चिकित्सा को प्राथमिकता को आधारमा वहाँ  हरुलाई निम्त्याइएको हुन्छौं।   हाम्रो मुख्य ध्यान क्षेत्र क्यान्सर र अपर्झट उपचार गर्ने विरामीलाई हुन्छ , र हाम्रो चिकित्सक हरुले प्रतीक्षा  लिस्टमा रहेको  प्रतेक विरामीको टिप्पणीहरु अवलोकन गरेका हुन्छन , र यसरि नै उपचार विधि सहि रुपमा प्राथमिकता निश्चित गरेको हुन्छ।

हामी तपाइलाइ सुनिश्चित गर्न चाहन्छौ कि तपाइँ अझै प्रतिक्षा लिष्ट मा हुनुहुन्छ।

हामी बुझ्दछौ तपाइको जीवन को गुणस्तरमा विरामी वा दुखि रहनु ले महत्वपुर्ण असर गर्दछ।   त्यसैले हामीले हाम्रो साझेदार संग विधि पहिचान गर्न  अस्पताल भन्दा  सामुदायिक सेवा संग जोड्न काम गरिरहेका छौं जस्ले गर्दा धेर भन्दा धेरै विरामीहरु छिटो भन्दा छिटो हेर्न सकिन्छ।

चार ताजा  नयाँ  अपरेटिङ्ग थेटर हरु केण्ट र केण्टर्बरि अस्पताल मा  विरामीहरुलाई  चाहिने योजनाबद्द  हाड अपरेसन हरु जस्तै नितम्ब र घुडाँ  प्रतिस्थापन का निम्ति समर्पित गरिने छ।   ति यहि समर ( गर्मी  याम ) मा खुल्ने भएको छ।   यसले  हामीलाई कुरेर बसी रहेका विरामी हरु को हाड जोर्नीको अपरेसन हरु छिटै हुन् मदत गर्दछ , र यसको अर्थ अरु विरामीहरु उपचार गर्ने अपरेसन थेटर हरु को ज्यादा क्षमता हुने छ।

**अरु थप जानकारी**

तपाइँ  आफ्नो अप्पोइण्ट्मेण्ट लिएर आउँदा  आशा गर्नु भएका थप जानकारी वेबसाइट मा प्राप्त छ। www.ekhuft.nhs.uk /coronavirus-updates.

यदि तपाइँलाइ अरु बढी जानकारी अर्को माध्यम जस्तै अडियो , ब्रेल , ठुलो छापा , वा दोभाषे चाहिएमा कृपया कन्सल्टेण्ट्को सेक्रेटरी लाइ सम्पर्क गर्नुस।

यदि तपाइँ कम सुन्न हुन्छ भने तपाइँ संग कुराकानी गर्न दोभाषे संग विडियो मार्फत कर्मचारीलाई भानु पर्ने कुरा भन्न सक्नु हुन्छ।   तपाइले यो सेवा पहुँच पाउन StartLeaf एप  डाउन्लोड गर्नु पर्ने छ।   अरु थप जानकारी को निम्ति,कृपया वेबसाइट हेर्नुस www.ekhuft.nhs.uk/video-sign-language